# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोलुदुधकुण्ड नगरपालिका
## सोलुखुम्बु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोलुदुधकुण्ड नगरपालिका

## सोलुखुम्बु




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोलुदुधकुण्ड नगरपालिका
## सोलुखुम्बु

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९/८०
च.नं. १०८

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
सोलुदुधकुण्ड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियतसहितको राय-** हामीले सोलुदुधकुण्ड नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. ७ करोड ३५ लाख ३८ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ३ करोड ९८ लाख ६५ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १० लाख ७८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९९ लाख ८४ हजार र नियमित गर्नुपर्ने रु. १ करोड २६ लाख ११ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु. ७ करोड ९१ लाख ३७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. ११ करोड २५ लाख ५६ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २६ | ६४ | ७३५३८ | ० | ५ | ३९८६५ | २६ | ५९ | ३३६७३ | १०७८ | १२६११ | १९९८४ | ० | ० | ३२५९५ | ० |

### प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २१.२ | खर्चको बिल भरपाई पेश | ३००००० |
| २ | २५ | सामाजिक सुरक्षा भत्ता वितरणको रिभर्स फिड पेश | ३९२५५२०० |
| ३ | २६ | सामाजिक सुरक्षा बढी भुक्तानी असुल भई आएको | २८८१२१ |
| ४ | ४०.३ | तालिम सञ्चालनमा बढी भुक्तानी असुल भई आएको | १५००० |
| ५ | ४१.२ | पोषण कार्यक्रममा दोहोरो भत्ता असुल भई आएको | ६४७५ |
| **जम्मा रु.** | | | **३९८६४७९६** |

## अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | सोलुदुधकुण्ड नगरपालिका | ७९१३७ | ० | २५४ | ७८८८३ | ० | ३३६७३ | ११२५५६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु , सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लालबाबु कवारी | २०७७-११-११ | २०७८-८-१५ |
| लेखा प्रमुख | फुरी लामा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३३,६७३,८९५.६९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,८३,५१,९८३.४४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,३९,९९,२२६.०१ | **चालु खर्च** | ३४,४०,७८,१६४.९५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६९,६५,००० | **पूँजीगत खर्च** | २०,०२,९२,६१५ |
| **राजश्व बाँडफाँट** | १०,९६,७५,६९५.२८ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ११,७१,३१,५३७.४४ | | |
| **अन्य आय** | २,४७,६३,०९४.४२ | | |
| **कुल आय** | ७०,२५,३४,५५३.१५ | **कुल खर्च** | ५४,४३,७०,७७९.९५ |
| **बाँकी मौज्दात** | | ६,६८,३६,५२०.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सोलुदुधकुण्ड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५२ सभा सदस्य, ५६५.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ३२३ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६६,८९,६९,१९१.४१ | ६०,२२,३२,७२६.०४ | | ६०,२५,३४,५५३.१५ | ६२,२१,७४,४२५.१९ | | ६२,२१,७४,४२५.१९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६४,६९,५०,५९०.१९ | ५७,७७,७१,४५८.७३ | ०.०० | ५७,७७,७१,४५८.७३ | ५९,३५,९६,५२२.६२ | ०.०० | ५९,३५,९६,५२२.६२ |
| ११००० कर | ११ | ११,५९,३६,२७०.०० | १०,८७,१८,५३०.४१ | ०.०० | १०,८७,१८,५३०.४१ | ९,९९,२३,१४४.५३ | ०.०० | ९,९९,२३,१४४.५३ |
| १३००० अनुदान | | ५१,०८,६७,४००.०० | ४५,०९,६४,२२६.०१ | ०.०० | ४५,०९,६४,२२६.०१ | ४६,५३,७३,३५०.०० | ०.०० | ४६,५३,७३,३५०.०० |
| संघीय सरकार | १२ | ४७,६७,७२,४००.०० | ४३,३९,९९,२२६.०१ | ०.०० | ४३,३९,९९,२२६.०१ | ४४,३२,४८,३५०.०० | ०.०० | ४४,३२,४८,३५०.०० |
| प्रदेश सरकार | १२ | २,२०,९५,०००.०० | १,६९,६५,०००.०० | ०.०० | १,६९,६५,०००.०० | २,२१,२५,०००.०० | ०.०० | २,२१,२५,०००.०० |
| अन्तरिक श्रोत | | १,२०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४००० अन्य राजस्व | | २,०१,४६,९२०.१९ | १,८०,८८,७०२.३१ | ०.०० | १,८०,८८,७०२.३१ | २,८३,००,०२८.०९ | ०.०० | २,८३,००,०२८.०९ |
| ख. अन्य प्राप्ति | | २,२०,१८,६०१.२२ | २,४४,६१,२६७.३१ | | २,४७,६३,०९४.४२ | २,८५,७७,९०२.५७ | | २,८५,७७,९०२.५७ |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | २,२०,१८,६०१.२२ | २,०७,१६,७७७.२१ | ०.०० | २,१०,१८,६०४.३२ | २,५१,५२,६१८.११ | ०.०० | २,५१,५२,६१८.११ | |
| | | | धरौटी | | ०.०० | ३७,४४,४९०.१० | ०.०० | ३७,४४,४९०.१० | ३४,२५,२८४.४६ | ०.०० | ३४,२५,२८४.४६ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | भुक्तानी (ग+घ) | | ६८,७३,२१,१७४.८५ | ५६,०८,९५,७७९.९५ | | ५६,०८,९५,७७९.९५ | ५६,४८,६३,८९२.७२ | | ५६,४८,६३,८९२.७२ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६६,५३,०२,५७३.६३ | ५४,३२,५९,२८१.६९ | | ५४,३२,५९,२८१.६९ | ५४,८८,४४,५९३.९१ | | ५४,८८,४४,५९३.९१ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २३,४४,३०,९८९.६३ | २२,१७,५४,०५३.१४ | ०.०० | २२,१७,५४,०५३.१४ | २४,१८,४९,९७२.९१ | ०.०० | २४,१८,४९,९७२.९१ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४,३१,१८,००५.०० | ११,८७,५८,५११.५५ | ०.०० | ११,८७,५८,५११.५५ | ९,३६,१९,६१३.९४ | ०.०० | ९,३६,१९,६१३.९४ | |
| | | | २६००० अनुदान | १८ | ४०,३०,०००.०० | ५०,०००.०० | ०.०० | ५०,०००.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३६,५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | २८००० अन्य खर्च | १८ | ३२,००,०००.०० | २४,०४,१०२.०० | ०.०० | २४,०४,१०२.०० | २३,८०,०६५.०० | ०.०० | २३,८०,०६५.०० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,६८,७३,५७९.०० | २०,०२,९२,६१५.०० | ०.०० | २०,०२,९२,६१५.०० | २१,०९,९४,९४२.०६ | ०.०० | २१,०९,९४,९४२.०६ | |
| | | | घ. अन्य भूक्तानी | | २,२०,१८,६०१.२२ | १,७६,३६,४९८.२६ | | १,७६,३६,४९८.२६ | ५६,४८,६३,८९२.७२ | | ५६,४८,६३,८९२.७२ | |
| | | | कोषहरु | | २,२०,१८,६०१.२२ | १,५०,४०,४७४.२६ | ०.०० | १,५०,४०,४७४.२६ | १,२९,५४,६३९.०० | ०.०० | १,२९,५४,६३९.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ०.०० | २६,०२,५२५.०० | ०.०० | २६,०२,५२५.०० | २८,६४,६५९.८१ | ०.०० | २८,६४,६५९.८१ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (६,५०१.००) | | (६,५०१.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (१,८३,५१,९८३.४४) | ४,१३,३६,९४६.०९ | | ४,१६,३८,७७३.२० | ५,७३,१०,५३२.४७ | | ५,७३,१०,५३२.४७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,५४,९९,५७४.१४ | | २,५४,९९,५७४.१४ | ८०,८१,५७०.६६ | | ८०,८१,५७०.६६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१,८३,५१,९८३.४४) | ६,६८,३६,५२०.२३ | | ६,७१,३८,३४७.३४ | ६,५३,९२,१०३.१३ | | ६,५३,९२,१०३.१३ |
| बैंक तथा नगद बाकी | २४ | | ६,६८,३६,५२०.२३ | | ६,६८,३६,५२०.२३ | ७,४७,५१,००६.४६ | | ७,४७,५१,००६.४६ |

यस वर्षको प्रासी भुक्तानी हिसाबमा दाखिला गर्न बाँकी देखिएको रु. ६५०१।- मिति २०७९।०७।३१ मा सम्बन्धित खातामा दाखिला भएको छ ।

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **आन्तरिक लेखापरिक्षण**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले ऐनको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराएको पाइएन । ऐनमा भएको व्यवस्था पालना गरी अन्तिम लेखापरीक्षण गराउनु अगावै आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| ४ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा जिन्सी सामानको लगत तयार गर्नुपर्ने नियम ९६ मा मुल्य कायम गरी राख्नुपर्ने नियम ९९ मा जिन्सी निरिक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन तयार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको छैन। पालिकाले पाम्स (PAMS) मा जिन्सी अभिलेख राखेता पनि वडा कार्यालय तर्फ खरिद गरिएका जिन्सी सामाग्रिको अभिलेख पाम्स (PAMS) मा राखेको पाइएन। पालिका तथा वडा कार्यलय मा अलग अलग जिन्सी खाता राख्ने गरेको पाइयो। अत सवै जिन्सी सामाग्रिहरुको पाम्स (PAMS) मा एकिकृत जिन्सी अभिलेख राख्नु पर्दछ र लिलाम तथा मर्मत गर्नुपर्ने जिन्सी सामानको नियमावली ले तोके वमोजिम लिलाम मर्मत गर्नु पर्दछ। | |
| ५ | | | **जिन्सी सहायक खाताः**<br>महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७६/७७, च नं १, मिति २०७६/४/१ को पत्र अनुसार माननीय महालेखापरीक्षक ज्यू बाट स्वीकृत भएका म ले प फारमहरु प्रयोगमा ल्याउनुपर्ने व्यवस्था बमोजिम कार्यालयले म ले प फारम ४१२ बमोजिमको ढाँचामा मालसामान बुझिलिने र बुझाउनेको नाम र दस्तखत, मालसामानको नाम, परिमाण, स्पेशिफिकेशन, सामानकको पहिचान नं, मोडल नं, सामान बुझाएको र फिर्ता गरेको मिति र मुल्य समेत खुलाइ जिन्सि सहायक खाता राख्नुपर्ने व्यवस्था छ। पालिका ले जिन्सि सहायक खाता राखेको पाइएन। तोकिएको ढाँचामा जिन्सि सहायक खाता राख्नु पर्दछ। | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन<br>· पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · नगरपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता राखेको पाईएन<br>· नगरपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>· नगरपालिकाले जिन्सी निरिक्षण गरेको पाईएन<br>· कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन<br>· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको पाइएन<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गर्ने गरेको पाइएन<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन नभएको<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु अद्याबधिक गरेको पाइएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे को पाइएन<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटि अन्त्य गर्नु पर्दछ<br>· सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन<br>· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · नगरपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन ।<br>· भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिम कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन ।<br>· सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा नगरपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकाले वेरुजुको लगत अद्यावधिक गरेको पाइएन ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रवधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नु पर्दछ। | |
| ७ | | | **कानून निर्माण तथा कार्यन्बयनः**<br>कानून निर्माण तथा कार्यन्बयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार पालिकाले हाल सम्म ८ ऐन १३ कार्यविधि २ निर्देशिका १ मापदण्ड निर्माण भइ कार्यान्वयनमा ल्याएको छ। | |
| ८ | | | **न्याय सम्पादन प्रकृया**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिमका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणलाइ प्राप्त विवरण अनुसार यस पालिकामा आ ब २०७७।७८वाट जम्मा २ मुद्दा सरिद्द आएको र यस वर्ष ३३ मुद्दा दर्ता भएको मध्ये ३० मुद्दा फर्छ्यैट भइ ५ मुद्दा बाँकि रहेको देखिएको छ। न्याय सम्पादन प्रकर्यालाइ ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **संगठन संरचना /दरवन्दी पदपुर्तिः**<br>संगठन संरचना /दरवन्दी पदपुर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण मा प्राप्त विवरण अनुसार स्वास्थ्य समेत जम्मा ११६ दरवन्दि मा ७२ पदपूर्ति र ४४ रिक्त देखिएको मा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ। | |
| १० | | | **करार कर्मचारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि स्वाथय तर्फ ४० समेत जम्मा ८६ जना कर्मचारी करारमा राखि रु करार शेवा शुल्क वाट रु १०५००० र पारिश्रमिक कर्मचारी (२११११) बाट समेत एकमुष्ठ खर्च लेखेको पाइयो। खर्च शिर्षक को समेत पालना भएको पाइएन।<br>त्यसैगरी सोही ऐनको २०७४कोदफा८३(८) वमोजिम पालिकाले नगरप्रहरी, सवारीचालक, सयश, कार्यालयसहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचेल गायतका पदमा मात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेकोछ।स्थानीय तहले माथिउल्लेखित पदवाहेकको सव इन्जिनियर १, असिस्टेन्ट सव इन्जिनियर १,अमिन१ ,सामाजिक परिचालक ३ ,कम्प्युटर अपरेटर १ जना गरि जम्मा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २७३७५१६। भुक्तानी गरेकोले अनियमित देखिएको रु. | २,७३७,५१६ |
| ११ | | | **तलवी प्रतिवेदनः**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७८।७९ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु.३३०८६१०२/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेखु पर्दछ । | |
| १२ | | | **कल्याण कोषः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजजम स्थानीय तहले स्थानीय सेवाको दरबन्दीमा कायिरत प्रत्येक कर्मचारीले खाई पाइ आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले वित्तीय समानीकरण अनुदानको रकम समेतबाट कर्मचारी कल्याण कोषमा गत वर्षको रु१३५०००० र यस वर्ष रु ५००००० गरि जम्मा रू.१८५०००० लाख ट्रान्सफर गरेको छ । कोषको सञ्चालन सम्बन्धी काननुको व्यवस्था भएको छैन । कानुनको व्यवस्था नगरी नेपाल सरकारबाट प्राप्त अनुदानबाट कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिएन । यस्तो कार्य कानूनद्वारा व्यवस्थापन गर्नुपर्दछ । | |
| १३ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो नागरिकहरुलाई प्रदान गरेका सेवा र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिई सेवाको गुणस्तर समेतमा आश्वस्त भई सेवा प्रवाह सञ्चालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले २०७८।७९ को अवधिमा प्रदान गरेको सेवाहरु सम्बन्धि विवरण माग गरिएकोमा विवरण पेश हुन नआएकोले पालिकाको सेवा प्रवाहको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन । | |
| १४ | | | **कार्यक्रम संचान आधार**<br>पालिकाले वित्तिय हस्तान्नतरण अन्त्रगतका कार्यक्रमहरु सञ्चालन गरी खर्च गर्दा स्विकृत कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । शिक्षा तर्फको कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को व्यवस्था अनुसार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्था निम्नाअनुसार देखिएको छ ।<br>• पालिका अन्त्ररगत रहेका सामुदायिक विधालयहरुकाे सबै त्रियाकलापहरुकाे कार्यपालिका बाट नियमित रुपमा अनुगमन गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड निर्धारण नगरेको साथै अनुगमन गरि प्रतिवेदन समेत तयार गरी सार्वजनिक गरेको पाईएन ।<br>• पालिकाभित्र रहेका सम्पूर्ण निजि विद्यालयहरुको निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण र मापदण्ड बमोजिम अनुगमन गरेको छैन । शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको र अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>• कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड नबनाएको र मापदण्ड बमोजिम अनुगमन गरेको छैन अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरि प्रतिवेदन सार्वजनिक गर्नुपर्नेमा साे वमाेजिम कुनैपनि त्रियाकलाप सञ्चालन गरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पाईएन ।<br>• सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक र प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक भएको । शिक्षक र कर्मचारीको तलव भत्ता र ग्रेडको रकम खुलेको प्रतिवेदन नरहेको साथै अभिलेख बमोजिम निकासा अभिलेख खाता नरहेको र निकासा अभिलेख खाता र निकासा रकम भिडान भएको पाईएन । | |
| १५ | | | **कट्टी रकम दाखिला**<br>पालिकाले वित्तीय प्रतिवेदन अन्य भूक्तानी तर्फ (म.ले.प.फा.न. २७२ ) मा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी देखाएको रु.८६५०१।- मिति २०७९ कार्तिक महिनामा मात्र सम्बन्धित राजश्व खातामा दाखिला गरेको छ। कट्टी गरी अन्य खातामा दाखिला गर्नुपर्ने रकम तोकिएको अवधि भित्रै दाखिला गर्नुपर्दछ । | |
| १६ | | | **अनुदान प्राप्ती अवस्था** | |
| १६.१ | | | विशेष अनुदान : स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यो वर्ष संघीय सरकारबाट प्राप्त रु ४२ लाख मात्र रहेकोमा रु ४५ लाख ३० हजार खरिद गरी स्वीकृत योजना भन्दा बढी खर्च गरेको देखियो । | |
| १६.२ | | | समानीकरण अनुदान : यसमा सरकारका अन्य तहको सरकारहरूलाई खर्चको आवश्यकता र स्रोत परिचालनको क्षमता एवं सम्भावनाको तुलनामा देखिएको भिन्नता पूरा गर्नका लागि उपलब्ध गराउने प्रकृतीको समानिकरण अनुदान वापतकोरकमसमावेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयलाई यो वर्ष समानिकरण अनुदानको पहिलो किस्ता रु. ३४४७५००० मिति २०७८।०६।१० देखी चौथो किस्ता २०७९।०२।३० मा मात्र प्राप्त भएको देखिएको छ । | |
| १७ | | | **अनुदान खर्च अवस्था**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ ले रकमान्तर सम्बन्धी व्यवस्था गरेको र ऐनको दफा ७३(७)मा पालिकाले सभावाट पारित वजेट र सिभा भन्दा बाहिर गई खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष चालु तर्फको तलब भत्ताको विनियोजन रु.४९५००००।- घटाई ९ वटा अन्य खर्च शिर्षकमा थप गरेको र पुँजिगत तर्फका २० योजना र कार्यक्रमको रु.१५८९३०००।- श्रोत परिवर्तन गरी खर्च गर्ने निर्णय गरेको आधारमा खर्च गरेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>कोभिड १९ खर्च<br>पालिकाले यो वर्ष कोभिड-१९ तर्फ निम्नानुसार आय व्यय गरेको छ ।<br><table>
<tr><td>आय</td><td>रकम</td><td>व्यय</td><td>रकम</td></tr>
<tr><td>गत वर्षको जिम्मेवारी</td><td>२७३३९६।-</td><td>क्वारेन्टीन व्यवस्थापन</td><td>५४०००।-</td></tr>
<tr><td>यस वर्षको आय</td><td>-</td><td>जोखिम भत्ता</td><td>७२७७।००</td></tr>
<tr><td>नेपाल सरकार कोभिड १९ प्रभावित राहत अनुदान</td><td>४१३९००।-</td><td>विविध</td><td>२८२०।-</td></tr>
<tr><td></td><td></td><td>कोभिड खोप परिचालन</td><td>१६२०००।-</td></tr>
<tr><td></td><td></td><td>कोभिड राहत फिर्ता</td><td>३९६७०००।-</td></tr>
<tr><td></td><td></td><td>वचत</td><td>१५४८९९।११</td></tr>
</table>
पालिकाले फाप्लु क्वारेन्टीनमा रहने व्यक्तिलाई खाना खाजा, पकाउने भान्सेलाई मासिक तलब वापत रु. ५४०००।— भुक्तानी गरेकोमा क्वारेन्टीनमा रहेका व्यक्तिहरुको नाम नामेसी तथा अवधी खुलेको अभिलेख तयार गरेको पाइएन ।<br>खोप सेवा :- कोभिड -19 विरुद्धको खोप सेवा स्थानीय तह मार्फत संचालन गरिएकोमा पालिकावाट प्राप्त विवरण अनुसार ४ प्रकारका खोपहरु २०७८ श्रावण देखि लगाउने कार्य शुरु गरी २०७८ पौष सम्ममा १२१९२ जनालाई पहिलो डोज र ७७५८ जनालाई दोश्रो डोज खोप उपलब्ध गराएको छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सम्पत्तिको उपयोगसो बाट प्राप्त हुने राजस्वको विश्लेषणः<br>पालिका को आ ब २०७८।७९ मर्मत खर्च डोजर मा रु २६०३६८ एक्जाभेटर मा रु ७४९३३६ र एम्बुलेन्स मा रु ४९५९२० ट्रिपर मा रु ४२५५५३ रोलर मा रु ४५४१३१ गरी इन्धन खर्च वाहेक जम्मा मर्मत खर्च रु २४८५३०८ भएकोमा जम्मा आम्दानी रु ३५२५९२ मात्र रहेको छ। आम्दानी को तुलनामा अत्यधिक खर्च देखिन्छ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सम्पति उपयोग र संरक्षण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका अन्तर्गतका सबै सम्पत्तिहरुको नेपाल सरकारबाट स्वीकृत ढाँचामा (PAMS) मा अभिलेख गरी अद्यावधिक गरेको पाइएन । पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नराखेको साथै सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गरेको छैन। सार्वजनिक, पर्ति ऐलानी, जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको सम्वन्धमा अनुगमन भएको पाइएन। ऐन बमोजिम सम्पत्ति व्यवस्थापन कार्य हुनुपर्दछ । | |
| २१ | | | **शिर्षक फरक गरि खर्च** | |
| २१.१ | | | **१) पुँजीगत वजेटवाट चालु खर्च** :- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ रकमान्तर सम्वन्धी व्यवस्था छ । ऐनको दफा ७३ मा कार्यपालिकाले सभावाट पारित शिर्षक वाहिर गई खर्च गर्न नहुने व्यवस्था छ ।पुँजिगत वजेटमा रहेको लक्षित वर्गको कार्यक्रमवाट रकमान्तर समेत नगरी भौ.नं.४९४।२०७९।३।१९ वाट अन्तरपार्टी महिला संजालको कार्यक्रम संचालन गरी रु.४४६७४३।- भुक्तानी गरेको पाइयो ।पुँजिगत बजेटवाट चालु खर्चको भुक्तानी गरेको खर्च अनियमित रु.४४६७४३।-<br>**१.१)** ५२१।२०७९।३।२४ पुँजिगत तर्फको वजेटवाट अमृता कार्कीलाई न्यायिक समिति संचालन गर्ने कार्यमा भुक्तानी दिएको रु.१०८०५०।— | ५५४,७९३ |
| २१.२ | | | ...........(*प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.३०००००।-सम्परीक्षण गरिएको ।*) | ० |
| २२ | | | **राजश्व दाखिला :**<br>राजश्व दाखिला : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यात्तिले बैक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था रहेको छ । ऐनबमोजिम आफ्नाे जिम्मामा आएको सरकारी रकम समयमै दाखिला गरि कानुनको पालना गर्नुपर्दछ । | |
| २३ | | | **खरिद व्यवस्थापन** | |
| २३.१ | | | **कामको डिजायन इष्टिमेट स्वीकृती :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) निर्माण कार्य गर्नुअघि स्पेसिफिकेशन, योजना,नक्सा ड्रइङ समेतको विवरण तयार गरी लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सडक वोर्ड नेपालबाट प्राप्त रकमबाट सालावेसी-तुम्बु सडक स्तरोन्नती कार्य उपभोक्ता समितिवाट गराई रु.२८,२१,९०६।— भुक्तानी गरेको पाइयो । उपभोक्ता समिति मार्फत काम गराउदा सडकमा ६ लेयर सम्म जालिमा ढुंगा भर्ने काम गराई भुक्तानी गरेकोमा काम गर्नुअघी र उक्त कामको निर्माण क्रममा Construction Design स्वीकृत गरेको पाइएन । जालीमा ढुंगा भर्ने काम गराउदा जालीको स्पेसिफिकेशन स्वीकृत गरी Heavy Coted G I wire को स्पेसिफिकेशन र गुणस्तर परिक्षण वेगर १५१ वटा जालीमा ढुंगा भर्ने कामको मुल्यांकन गरी विल भुक्तानी गरेकोले निर्माण कार्यमा प्रयोग गरेको जालीको गुणस्तर परिक्षण र निर्माण कार्यको डिजायन नक्सा पेश हुनुपर्ने रु.२८,२१,९०६।—<br>**कार्यस्थल र योजना छनौटः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा निर्माण सम्बन्धी कार्य गराउनु अघि कार्यस्थल निश्चित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक वोर्डवाट प्राप्त रकम मर्मत संभार सम्बन्धी कार्य गर्ने गरी रिङमु-टाक्सीङ-नूनथला सडकमा मा माटो खन्ने र ढुंगाको पर्खाल लगाउने कार्यको लागत अनुमान स्वीकृत गरी उक्त कार्य उपभोक्ता समिति मार्फत गराई श्रमदान वापत रु.३९२२७६।— कट्टी गरी रु.१७,४०,३१९।— भुक्तानी गरेको छ । उपभोक्ता समितिले पेश गरेको विलमा ढुंगा फूटानीको काम गरी १४५.३१ घ.मी.ढुंगा प्राप्त गरेको र सो कार्य गर्न ज्यामी ज्याला वापत रु.१५,६७,७४०।- को मस्टरोल समावेश गरेको आधारमा रु.२२,८२८५०।- साईट इन्जिनियरले विल तयार गरेको पाइयो । कामको लागत अनुमानमा माटो खन्ने र सुख्खा ढुंगाको पर्खाल लगाउने परिमाण उल्लेख भएकोमा सडकको चेनेज नखुलाएको, यो सडक पुर्वाधार विकास कार्यालय ओखलढुंगाले ठेक्कापट्टावाट कार्य गराई रहेको स्थान रहेको र ढुङ्गा फूटाउने काम देखाई मष्टरोल पेश गरेकोमा साविकमा निर्माण भै स्तरोन्नती कार्य अन्य कार्यालयवाट चालु रहेकै स्थान (सडक)मा चेनेज समेत उल्लेख नगरी मर्मत संभार कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउदै भुक्तानी गरेकोले यस वर्षको खर्च पुष्टीको आधार नदेखिएको रु.१७,४०,६१९।— | ४,५६२,५२५ |
| २३.२ | | | **रनिङ विल भुक्तानी :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा सम्झौता अनुसार सम्पन्न वास्तविक कामको परिमाणको नाँपजाँच गरी नापी कितावमा प्रचलित रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.६ वडा कार्यालय भवन निर्माण गर्ने निर्माण व्यवसायिको रनिङ विल भुक्तानी गर्दा निम्नानुसारको प्रमाण वेगर भुक्तानी गरेको छ । | ४२४,१८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १) प्रथम रनिङ विल भुक्तानी गर्दा कामको नापी किताव वमोजिम brick wall को कामले नगरेकोमा खापा, झ्याल, ढोकाको कामको परिमाण राखी रु.३१६१८५।— समेत रनिङ विलमा समावेश गरी भुक्तानी गरेकाले वास्तविक काम सम्पन्न नगरी भुक्तानी गरेको रु.३१६१८५।<br>२) आइटम नं.३० मा रहेको Stone Masonry c/s को काम नापी कितावमा समावेश नभएकोमा रनिङ विलमा उक्त कामको समेत भुक्तानी गरेको रु.१०८०००।—<br>**कामको अवस्था :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको अवधि भित्र कार्य सम्पन्न नगरेमा सार्वजनिक निकायलाई पुर्वा निर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ ।वडा नं.९ को वडा भवन निर्माण गर्ने व्यवसायी गोल्डेन स्टार मल्टी प्रपोजको अवधी २०७९।३।२५ सम्म रहेकोमा निर्माण व्यवसायीले म्याद थप माग गरेको र म्याद थप भएको प्रमाण पेश भएन । खरिद सम्झौता रु.६२,१८,४१२।३५ रहेको यो कार्यको २०७९ आषाढ सम्म कामको विल समेत पेश गरेको देखिएन । नियमानुसार म्याद थप गरेको प्रमाण पेश नभएकोको यस सम्बन्धमा पुन यकिन गरी म्याद थप नभएमा नियमानुसार लाग्ने पुर्व निर्धारित क्षतिपुर्ती लिई वाँकी कार्य पुरा गराउनु पर्दछ । | |
| २३.३ | | | **स्पेशिफिकेशन तथा गुणस्तर परिक्षण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण कार्यको रनिङ विल भुक्तानी गर्दा करारका शर्त वमोजिमको कार्य पुरा गरेपछी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सोलुखोला तथा सिसा खोलामा वेली व्रिज निर्माण कार्य गर्न निर्माण व्यवसायी दावा निर्माण सेवा सँग २६ जनवरी २०२० मा सम्झौता गरी २०७९ श्रावण मसान्त सम्म अवधि रहेका दुवै पुलको वेलीव्रिजको लम्वाई तथा तौल समेतको स्पेसिफिकेशन र डिजायन स्वीकृत गरी सो आइटममा एकमुष्ठ दर मा सम्झौता गरेको पाइयो । यो वर्ष निर्माण व्यवसायीले चाइना स्थित एक उत्पादक/निर्माता कम्पनीवाट वेलीव्रिज आयत गरी ल्याएको आधारमा दुवै वेलीव्रिजको लागि निम्नानुसार रकम भुक्तानी गरेको छ ।<br><br>**वेलीव्रिज** — **रकम**<br>सोलुखोला वेलीव्रिज — रु.१६९५००००।-<br>सिसाखोला वेलीव्रिज — रु. १०७९१५००।- | १३२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | |
|---|---|
| जम्मा | रु.२७७,४१,५००।- |

पुलको DPR मा रहेको तथा निर्माण व्यवसायी सँग भएको खरिद सम्झौतामा उल्लेखित वेलीव्रिजको Specification तथा निर्माण व्यवसायीले चाइना स्थित वेलिव्रिज तयार गर्ने कम्पनी Zhenjiang Great wall Group Co.ltd ले पठाएको कोटेशनमा उलेलेख गरेको वेलिव्रिजको स्पेशिफिकेशन निम्नानुसार रहेको पाइयो ।

| वेलिव्रिज | DPR तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा | चाइनाको वेली व्रिज तयार गर्ने कम्पनीको कोटेशनमा |
|---|---|---|
| शिशाखोला | Trs2h (Triple Single two panels chord Reinforced top and bottom each truss Heavy Duty Chord Reinforced utilized) based compact bridge system MABEY or equivalent falls galvanized designed vehicle is AASTHO Ha/30 HB Net road 4.2M Single lane of total length 33.52 wits all necessary parts as Provided drawling specification and instruction of Engineer. | Bridge :- Compact200 panel Bailey Bridge<br>Type : DSR<br>Span:33.528M<br>Roadway: extra wide single lane<br>Road way width: 4.2M<br>Loading Capacity 50 Tons: AASHTOHS 25-44<br>Deck: orthotropic Steel Deck<br>Surface: Hot dip Germanized |
| सोलुखोला | DDR2(Double Double two panel chord Reinforced top and bottom tress) based Compact bridge System MABEY or equivalent fully galvanized designed vehicle is AASTHOHA/30HB Net road 4.2 in single lanes of total lent 42.672 m with all necessary parts As provided drawing Specification and instruction of engineer approximate bridge weight 78.365 ton all complete. | Bridge: Compact-200 Panel Bailey Bridge<br>Type: TRS<br>Span: 42.672<br>Roadway: Extra Wide Single lane<br>Roadway width: 4.2M<br>Loading Capacity : 50 Tons AASHTHTO HS25-44<br>Deck: Orthotropic Steel Deck<br>Surface: Hot Dip Galvanized. |

वेलीव्रिज खरिद र निर्माण सम्वन्धी स्वीकृत डि.पि.आर. र वि.ओ.क्युमा शिशाखोला वेली व्रिज TRS2H तथा सोलुखोला DDR2 टाइपको हुने गरी स्वीकृत भएकोमा व्यवसायीले चाइना स्थित कम्पनीवाट निर्माण प्राप्त कोटेशनमा शिशाखोला DSR तथा सोलुखोला TRS टाइपको तथा पुलको Loading Capacity सम्झौता र डि.पि.आर अनुसार AASTHO HA/30 HB रहेकोमा प्राप्त कोटेशनमा AASHTO HS 25-44 उल्लेख भएकोमा निर्माण व्यवसायीले पेश गरेको स्पेसिफिकेशन स्वीकृत डिजायन र सम्झौता अनुसार भएको नभएको यकिन गरी कार्यालयले निर्माण व्यवसायीले पेश गरे अनुसारको डिजायन स्पेसिफिकेशन स्वीकृत गरेको प्रमाण लेखापरिक्षणमा पेश भएन । निर्माण व्यवसायीले

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख गरेको निर्माण कम्पनीमा वेलीव्रिज निर्माण अवधिमा वा वेलिव्रिज तयार भई सकेपछी पनि वेलिव्रिजहरुको स्वीकृत स्पेसिफिकेशन अनुसार गुणस्तर परिक्षण गर्ने कार्यमा तेश्रो पक्ष वा कार्यालयका इन्जिनियरबाट कार्य गरेको देखिएन । निर्माण व्यवसायीले वेलिव्रिज सप्लाई गरी पेश गरेको टेष्ट रिपोर्ट अनुसार JHENGIANG GREATWALL HEAVY INDUSTRY TECHNOLOGY Co. ले निर्माण गर्ने CHANNEL STEEL को JAN 172018 को Test repast समावेश गरेको छ । तर निर्माण व्यवसायिले चाइना कम्पनीलाई 2022-02-03 मा मात्र एल सी मार्फत दुवै खोलाको वेलीव्रिज तयार गर्ने अर्डर दिएको देखियो । तेश्रो मूलुकमा निर्माण कार्य गराई निर्माण व्यवसायी मार्फत आयात गरिएका वेलिव्रिहरुको निर्माण अघी स्विकृत डिजायन र स्पेसिफिकेशन वमोजिम कार्यालयले निर्माण व्यवसायीलाई डिजायन र स्पेसिफिकेशन उपलब्ध गराएको र निर्माण अवधिमा गुणस्तर परिक्षण गराएको पाइएन ।साथै पुलको Type समेत डिजायन र सम्झौता भन्दा फरक/फरक Type बाट गराईभुक्तानी गरेको देखिएकोले यस सम्बन्धमा पुन यकिन गरी डि.पि.आर डिजायन अनुसारका स्वीकृत स्पेसिफिकेशन अनुसारको वेलीव्रिज रहे नरहेको गुणस्तर परिक्षणको प्रमाण पेश हुनुपर्दछ ।<br>**वीमा अवधिः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण कम्पनिलाई साइट हस्तान्तरण भएको अवधी देखी त्रुटी सच्याउने अवधि सम्मको सम्पुर्ण क्षति व्यहोर्ने गरी वीमा गराउनुपर्ने व्यवस्था छ ।निर्माण व्यवसायी वीमावापत रु.१३२०००।— भुक्तानी लिएको र पेश गरेको सोलुखोला तर्फको वीमा पोलिसी 07.06.2022 (२०७९ आषाढ) सम्म मात्र रहेको र यो वर्ष सम्म पुल निर्माण कार्य पुरा नभएकोले त्रुटी सच्याउने अवधि थप गरेको विमा पोलिसी पेश हुनु पर्ने रु.१३२०००।- | |
| २३.४ | | | **बढी दायित्व सृजना**<br>प्रदेश समपुरक अनुदान निर्देशिका वमोजिम प्रदेश समपुरक अनुदानवाट संचालन हुने योजना कार्यक्रम तोकिए वमोजिम सम्बन्धित आर्थिक वर्ष भित्र सम्पन्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले तुम्बुक-टाक्टोर-लामजुरा सडक ट्र्याक खोल्ने कार्य गर्न सोलु निर्माणसेवा २०७९।२।४ मा मात्र सम्झौता गरी २०७९ असार मसान्त सम्मको कार्य अवधी तोकेको पाइयो । निर्माण व्यवसायले मौसम प्रतिकुल रहेको उल्लेख गरी २०७९।३।२१ मा म्याद थप माग गरेकोमा ठेक्काको म्याद थप गरेको पाइएन । कार्यालयले प्रथम रनिङ विल बाट रु.१३९८४७४।— भुक्तानी गरेको भएता पनि यो वर्ष कार्य पुरा नगरेकोले पालिका तर्फको व्यहोर्नुपर्ने ३० प्रतिशत (सम्झौता रु. २२४१७०३।-) ले हुने रु.६७२,५१०।— मात्र खर्च हुनेमा रु.८,४३,२३६।— दायित्व सारेको पाइयो । तोकिएको चौमासिक मै ठेक्का वन्दोवस्त गरी खरिद कार्य सम्पन्न गर्नुपर्दछ ।<br>**अधुरो कार्यको भुक्तानीः-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघी खर्चलाई पुष्टी हुने प्रमाण कागजात प्राप्त भए नभएको यकिन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तुम्बुक-टाक्टोर-लामजुरा | ३५६,९४६.२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सडकको ट्र्याक खोल्ने कार्यमा कटान हुने रुख विरुवा सम्बन्धमा पालिकाले र भु तथा संरक्षण विभाग विच सम्झौता गरेको र सम्झौता अनुसार डिभिजन वन कार्यालय सोलुखुम्बुबाट प्राप्त कटान इजाजत अनुसार नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च तिशत ()इएन । कार्यालयले प्रथम रनिङ विल ब ३५५ वटा रुख कटान गरी प्राप्त काठ दाउराको घाट गद्दी गर्ने कार्य नगरपालिकाले गर्नुपर्ने व्यवस्था भएको छ । पालिकाले कटान गरी घाट गद्दी गरेका काठ, दाउरा, डिभिजन वन कार्यालयको रोहवरमा सम्बन्धीत वन उपभोक्ता समितिलाई हस्तान्तरण गरिने शर्त रहेको छ । उक्त सडकमा रुख काट्ने र घाट गद्दी गर्ने कार्य नगरपालिकाले पुन सामुदायिक वन उपभोक्ता समितिसँग सम्झौता गरी २०७९ वैशाख मसान्त भित्र कार्य पुरा गर्ने र डिभिजन वन र पालिका विच भएका सम्झौताका सवै शर्त उपभोक्ता समुहले समेत पालना गर्नुपर्ने शर्त राखी कटानको काम वन उपभोक्ता समुहलाई दिएको देखियो । उक्त सडकको स्थलगत निरीक्षण गर्दा २०७९ भाद्र १२ सम्म पनि कटान गरिएका रुखको संख्या यकिन नगरेको, काठ दाउरा, घाटगद्दी नभएको अवस्था छ । तोकिएको कार्य पुरा नहुदै पालिकाले २०७९।३।२३ मा सम्झौता वमोजिमको पुरै रकम रु.३,५६,९४६।२० वन उपभोक्ता समुहलाई भुक्तानी गरेकोले सम्झौता अनुसारको सवै कार्य पुरा भएको प्रमाण पेश हुनुपर्ने रु.३,५६,९४६।२० | |
| २३.५ | | | **स्पेसिफिकेशन, वारेन्टी ग्यारेन्टी व्यवस्था**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामान खरिद गर्नु मालसामानको स्पेसिफिकेशन स्वीकृत गरी लागत अनुमान स्वीकृत गर्नुपर्ने र खरिद पस्चातको मर्मत वारेन्टी समेतको सम्झौता गरी मात्र सप्लाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जुनवेसी सौर्य तथा सडक वत्ती निर्माण समितिले सैजु रिनोएवल ग्रुपवाट सोलार प्यानल खरिद गरेको रु.१०,०५,८११।- को विल समावेश गरेको आधारमा कार्यलयले उक्त रकम भुक्तानी गरेकोमा सोलार बत्ती खरिद अघि स्पेसिफिकेशन स्वीकृत नभएको र खरिद पछिको ग्यारेन्टी, वारेन्टी खुलाई विक्रेता ग्रुपले सम्झौता गरेको प्रमाण समावेश नभएकोले उक्त खरिद कार्यको वारेन्टी, ग्यारेन्टी सम्झौताको प्रमाण पेश हुनुपर्ने रु. | १,००५,८११ |
| २४ | | | **खरिद कार्यको मुल्यांकन**<br>**लागत अनुमान :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयारी सम्बन्धी व्यवस्था छ । पतालेमा पार्क निर्माणको DPR तयार गर्ने कार्य परामर्श दातावाट (R.D. Engineering) गराउने सम्झौता भई परामर्शदाताले तयार गरेको DPR मा पार्कको लागत रु.६००६४,५४६।९० रहेकोमा कार्यालयले लागत अनुमान स्वीकृती गर्दा रु.६८५,१४,८१३।३० स्वीकृत गरी खरिद कार्यको वन्दोवस्त गरेको छ । परामर्शदाताले तयार गरेको लागत अनुमान भन्दा वढीको लागत अनुमान स्वीकृती गरेको कारण उल्लेख गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **वोलपत्रको मुल्यांकन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७५(५) मा प्राविधिक प्रस्ताव खोलि सकेपछी यथासिघ्र मूल्यांकन समितिमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले पत्ताले पार्क निर्माण कार्यको वोलपत्र आह्वान गरी २०७८।६।१ मा वोलपत्र खोलेकोमा २०७८।८।७ मा मात्र प्राविधिक प्रस्तावको मूल्यांकन शुरु गरी वोलपत्रमा भाग लिएका ७ वोलपत्र दाता मध्ये १ मात्र वोलपत्र प्राविधिक प्रस्तावबाट छनौट भएको आधारमा २०७८।८।१५ मा आशयको रुपमा पठाएको रु.६८३,०९,५६३।६८ मा २०७८।८।२२ मा ठेक्का वन्दवोस्त गरेको छ । वोलपत्र खोलिएको २ महिना पछि मात्र वोलपत्र मूल्यांकन शुरु गरेको आधार खुलाएको पाइएन ।<br>**निर्माण व्यवसायीको योग्यताको आधार :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम २६(२ग) मा सार्वजनिक निकायले निर्माण व्यवसायीको योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न प्रतिस्पर्धा सिमित नुहने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धिको कार्यस्थितीको लेखाजोखा भएको र कानूनले प्रत्याभुत गरेको संरक्षणको प्रतिकुल नभएको सुनिश्चितता गर्नुपर्ने व्यवस्था छ । पत्ताले पार्क निर्माण कार्यको वोलपत्र सम्बन्धि कागजातमा stone coodding work गरेको हुनुपर्ने शर्त समावेश गरेको कारण ७ वटा वोलपत्र दर्ता भएको मध्ये ५ वटा वोलपत्र असफल भएको कारणले १ मात्र वोलपत्रदाता प्राविधिक प्रस्ताव सफल भई सोही वोलपत्रको आधारमा ठेक्का वन्दोवस्त गर्दा ०.२९ प्रतिशत घटीमा मात्र रु.६८३०९५६३।- ठेक्का सम्झौता भएको छ । प्रत्याभुत गरेको संरक्षणको प्रतिकुल नभएको सुनिश्चितता गर्नुपर्दछ । | |
| २५ | | | **रिर्भस फिड**<br>**..........** *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.३९२५५२००।-सम्परीक्षण गरिएको ।)* | ० |
| २६ | | | **बढी रकम भुक्तानी :**<br>..........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.२८८१२१।-सम्परीक्षण गरिएको ।)* | ० |
| २७ | | | **दोहोरो भुक्तानी :**<br>कार्यविधिले तोकिदिएको मिति भित्रै लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा परिचयपत्रको नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा लाभग्राहीहरुको नाम प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ | ४२२,९५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

। तर नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्ति तथा एकै नागरिकता नम्बरबाट फरक व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको पाइयो । निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको रकम असूल गर्नुपर्ने रु.

| नाम | परिचयपत्र नम्बर | जन्म मिति | नागरिकता नम्बर | वडा नम्बर | जम्मा रकम | बढि रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| Kritika Ghatani | 2075032604886 | 26-3-2075 | 1000109 | ६ | 3192 | | दोस्रो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Kritika Ghatani | 2075032608531 | 26-03-2075 | 100106 | ६ | 3192 | 3192 | |
| Lhemi Sherpeni | 1992123097401 | | 189 | ७ | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Yangji Sherpeni | 1997123180479 | | 189 | ७ | 48000 | 48000 | |
| Buddha Bahadur Khatri | 1995060600152 | | 3801405 | ७ | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Juddha Bahadur Khatri | 1995021600903 | | 3801405 | ७ | 48000 | 48000 | |
| Lhaki Sherpa | 1997122001569 | | 11017501115 | ७ | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| lhaki sherpa | 1997122001502 | | 11017501115 | ७ | 48000 | 48000 | |
| Lhakpa Sherpini | 2004123187106 | | 59-1416 | ७ | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Lhakpa Sherpini | 2008123123102 | | 59-1416 | ७ | 31920 | 31920 | |
| Domo Tamang | 1989111700111 | | 16406264 | ९ | 48000 | | चौथो चोमासिक सम्मको रकम |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Domo Tamang | 1995061100087 | | 16406264 | ९ | 48000 | 48000 | निकाशा भएको । |
| Chyamu Sherpa | 2003123086417 | | 1508/257 | ९ | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Chyanag - Sherpa | 2003123225643 | | 1518-257 | ९ | 48000 | 48000 | |
| Siddhikarna Magar | 2004121401103 | | 2436 | १० | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Tukti Sherpa | 2005123260496 | | 2436 | १० | 48000 | 48000 | |
| Ratnabahadur Magar | 2000123207431 | | 101/705/707 | १० | 48000 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Kumari Rahanmagar | 2009123071853 | | 101/705/707 | १० | 31920 | 31920 | |
| Aanpema Sherpa | 2022051300095 | | 2282 I 17 | १० | 31920 | | चौथो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Yangli Sherpa | 2025071500255 | | 2282 I 17 | १० | 31920 | 31920 | |
| Lali Maya Karki | 2007123019443 | | 1754/2056 | ११ | 36000 | | तेस्रो चोमासिक सम्मको रकम निकाशा भएको । |
| Lalimaya Karki | 2002123036182 | | 1754/2056 | ११ | 36000 | 36000 | |
| जम्मा | | | | | | 422952 | |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **पेश्की रकम :** सामाजिक सुरक्षा भत्ता वितरण गर्न लगेको पेश्की रकम तोकिएको समयमा नै फछ्र्यौट गर्नुपर्दछ । नगरपालिकाले विभिन्न बैंकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न उपलब्ध गराएको पेश्की रकममध्ये आर्थिक वर्षको अन्त्य सम्म पनि पुरै फछ्र्यौट नगरी केही रकम बाँकी रहेको देखियो । यसरी लेखापरीक्षण अवधीसम्म फछ्र्यौट नभएको निम्नानुसारको पेश्की रकम सम्बन्धित बैंकहरुबाट असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | ५७०,३९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><th>वडा नम्बर</th><th>बाँकि रकम</th></tr>
<tr><td>६</td><td>४५२९३</td></tr>
<tr><td>७</td><td>४२५८०</td></tr>
<tr><td>८</td><td>५०२६७</td></tr>
<tr><td>९</td><td>३८६४०</td></tr>
<tr><td>१०</td><td>५४५११</td></tr>
<tr><td>११</td><td>३३९१०८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>मर्मत<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मतगर्दा सम्बन्धित विशेषज्ञबाट लागगत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. /, मेशिन औजार मर्मतमा ४९४६३१२/-र निर्मित सार्वजनिक सम्पतिको मर्मत संभार खर्च मा रु४००००/र अन्य सम्पतिहरुको संचालन तथा सम्भारमा रु १४६०१०५ गरी जम्मा रु.६४४६४१७ /- खर्च गरेको मा सवारी साधन मर्मत मा वजेट विवियोजन नगरी मेशिन औजार मर्मत वाट खर्च गरेको पाइयो। मर्मत गर्दा लागत अनुमान तयार नगरेको तथा वडा कार्यालय तर्फ मर्मत गर्दा म ले प फा नं ४१४ र ४१५ आंशिक मात्र राखेको तथा पाम्स (PAMS) मा अभिलेख राखेको पाइएन।कानून वमोजिम मर्मत अभिलेख खाता अध्यावधिक गरि प्रतिस्प्रधाको माध्यम वाट मर्मत गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>ईन्धन अन्य प्रयोजन<br>सरकारी काममा प्रयोग हुने मट्टितेल, ग्यास, कोइला, दाउरा, सवारी साधन बाहेकका मेसिनरी औजारमा प्रयोग हुने इन्धन खर्च र सबै प्रकारका व्याट्रीहरूसम्बन्धी खर्च समावेश गरिन्छ । तर सवारी साधनको लागि आवश्यक पर्ने व्याट्रीसम्बन्धी खर्च भने खर्च संकेत नं.</td><td>१०२,५४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | २२२१३ मा समावेश गरिन्छ। लेखापरीक्षण गर्दा परीक्षण गर्नु पर्ने विषयहरुःईन्धन — अन्य प्रयोजनको प्रयोग कार्यालय सञ्चालनमा भएको औचित्य पुष्टी भएको;असम्बन्धित (व्यक्तिगत प्रकारको) भुक्तानी सरकारी / सार्वजनिक कोषमा व्ययभार पर्ने गरि खर्च / भुक्तानी भए नभएको;बजेटको उपलब्धता; रखर्च/भुक्तानीको स्विकृति र समर्थन कागजातको अभिलेख राखेको ।(नेपाल सरकार,अर्थ मन्त्रालय, कार्य सन्चालन निर्देशिका, २०७७) | |
| ३१ | | | **वडा सन्चालन खर्च**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था छ।पालिकाले वडा संचालन खर्च भुक्तानी गर्दा मसलन्द तथा कार्यालय सामाग्रि, मर्मत, इन्धन, विविध लगायत भुक्तानी गर्दा मसलन्द तथा कार्यालय सामाग्रि शिर्षक बाट एकमुष्ठ भुक्तानी गर्ने गरेको पाइयो।खर्च शिर्षक सम्वन्धि व्यवस्थाको पालना हुनु पर्दछ। | |
| ३२ | | | **भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं. भ्रमणमा खटिनेको नाम दर्जा भ्रमण खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसूचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वास्नीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने व्यस्था छ । पालिकाले यस वर्ष अनुगमन मूल्याङ्कन खर्चमा रु.३५४००० /- र भम्रण खर्चमा रु.१०३१००० /- अन्य भ्रमण खर्चमा रु४९७०० गरी जम्मा रु. १४३४७००/- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन ।भ्रमण प्रतिवेदन आंशिक रुपमा राख्ने गरेको पाइयो। भ्रमण पश्चात अनिवार्य रुपमा भ्रमण अभिलेख, भ्रमण प्रतिवेदन तथा अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी निययमावलीको व्यवस्था पालना गर्नुपर्दछ । | |
| ३३ | | | **वैठक भत्ता**<br>३८५।२०७९।३।२५ गाउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ मा पदाधिकारी वैठक भत्ता दर रु १००० तोकिएकोमा वडा अध्यक्ष फूर्वा ग्याल्जेन शेर्पा लाइ वडा समिति वैठक भत्ता रु १५०० को दरले ४ वटा वैठक को रु ६००० भुक्तानी गरेकोमा वढि भुक्तानी असुल गर्नुपर्ने रु. | २,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **खर्चको पुष्टयाइ नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।निम्न बमोजिम खर्चको भुक्तानी गरेकोमा श्रेस्तासाथ खर्च पुष्टि गर्ने प्रमाण राखेको नपाइएको अनयमित रु. | ४९९,९०९ |

| भौ नं र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३४७।२०७९।३।२१ | अफिस टेवल कम्प्युटर टेवल लगायत खरिद | ५६४०८ | खरिद आदेश ,दाखिला रिपोर्ट प्रमाणित नभएको , |
| ३४७।२०७९।३।२१ | भ्रमण खर्च भुक्तानी | ९००० | भ्रमण आदेश र विल स्विकृत नभएको |
| ३६५।२०७९।३।२४ | मसलन्द सामाग्रि खरिद | ८८०८० | खरिद आदेश नभएको |
| | मर्मत खर्च भुक्तानी | १९००० | मर्मत आदेश तथा अभिलेख नभएको |
| ३७३।२०७९।३।२४ | इन्धन खर्च भुक्तानी | ४४८२ | लगबुक नभएको |
| | मर्मत खर्च भुक्तानी | ५६६८४ | मर्मत आदेश तथा अभिलेख नभएको |
| ३७५।२०७९।३।२४ | इन्धन खर्च भुक्तानी | ३९००० | लगबुक नभएको |
| | मर्मत खर्च भुक्तानी | ३२१०० | मर्मत आदेश तथा अभिलेख नभएको |
| ३७९।२०७९।३।२५ | मसलन्द सामाग्रि खरिद | ८७९८५ | खरिद आदेश ,दाखिला रिपोर्ट नभएको |
| ३८५।२०७९।३।२५ | स्टेशनरी खरिद वापत भुक्तानी | ६०६७० | खरिद आदेश ,दाखिला रिपोर्ट नभएको |
| | मर्मत खर्च भुक्तानी | २४००० | मर्मत आदेश तथा अभिलेख नभएको |
| | कार्पेट खरिद वापत भुक्तानी | २२५०० | खरिद आदेश ,दाखिला रिपोर्ट नभएको |
| **जम्मा** | | **४९९९०९** | |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **मू अ कर मा दर्ता नभएको संग खरिदः** | ४२४,९९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम अनियमित रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>फर्म को नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३३२।२०७९।३।१६</td><td></td><td>कार्यालयसामाग्रि खरिद</td><td>७४३००</td></tr>
<tr><td>३६६/२०७९/३/२४</td><td></td><td>कार्यालय सामान खरिद</td><td>३८७००</td></tr>
<tr><td>३७५।२०७९।३।२४</td><td>कस्मिक कम्प्युटर</td><td>कार्यालय सामान खरिद</td><td>२५५६०</td></tr>
<tr><td>३८२।२०७९।३।२५</td><td>श्रेष्ठ स्टेशनरी</td><td>कार्यालय सामान खरिद</td><td>३९१००</td></tr>
<tr><td>२४८।२०७८।१२।२२</td><td>विजय स्टोर्स</td><td>कार्यालय सामान खरिद</td><td>१३६३४०</td></tr>
<tr><td>२५३।२०७८।१२।२४</td><td>इ जि अर्डर सप्लायर्स</td><td>कार्यालय सामान खरिद</td><td>५६१५०</td></tr>
<tr><td>२५५।२०७८।१२।२५</td><td>गुप्तकाली स्टोर्स</td><td>कार्यालय सामान खरिद</td><td>५४८४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>४२९९९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>फरक खर्च शिर्षकः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु</td><td>२,५६०,२३९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३७६।२०७९।३।२५ | पदाधिकारी पारिश्रमिक भुक्तानी | पारिश्रमिक पदाधिकारी | पारीश्रमिक कर्मचारी | ५९२७१० | |
| ३१४।२०७९।३।६ | खाजा खर्च भुक्तानी | विविध | अनुगमन मुल्याङकन खर्च | ६००० | |
| ३१८।२०७९।३।७ | मर्मत खर्च भुक्तानी | सवारी साधन मर्मत | मेशिन औजार मर्मत | ४०७०० | |
| ३३१।२०७९।३।१६ | गाडि मर्मत खर्च | सवारी साधन मर्मत | अन्य सम्पतिको मर्मत खर्च | ७३६२५१ | सोझै खरिद |
| ३४८।२०७९।३।२१ | गाडि भाडा भुक्तानी | सवारी साधन भाडा | अनुगमन मुल्याङकन खर्च | १३५००० | सम्झौता र अनुगमन प्रतिवेदन नभएको |
| ३५८।२०७९।३।२३ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | विविध | १०००० | |
| ३६४।२०७९।३।२४ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | विविध | १०००० | |
| ३७२।२०७९।३।२४ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | विविध | ४०००० | |
| २३४,३१६।२०७८।१२।७ | करार कर्मचारी | करार शेवा शुल्क | विविध | ३९२४०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>तलव भुक्तानी</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३१९।२०७९।३।७</td><td>पुस्तक खरिद वापत भुक्तानी</td><td>पुस्तक तथा समाग्रि</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>४७८७८</td><td></td></tr>
<tr><td>२८४।२०७९।१।२६</td><td>कर्मचारी तलव भुक्तानी</td><td>करार शेवा शुल्क</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>१९८०००</td><td></td></tr>
<tr><td>२००।२०७८।११।११</td><td>पुस्तक छपाइ</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>१२४३००</td><td></td></tr>
<tr><td>८८।२०७८।८।६</td><td>नापि किताव छपाइ</td><td>छपाइ तथा सुचना प्रकाशन</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>३००००</td><td></td></tr>
<tr><td>१०२।२०७८।८।७</td><td>गाडी भाडा भुक्तानी</td><td>सवारी साधन भाडा</td><td>अनुगमन मुल्याङकन</td><td>१९७०००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२५६०२३९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्डः<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड तयार नगरी,इन्धन पदाधिकारी मा वजेट विनियोजन नगरी इन्धन (कार्यालय प्रयोजन) वाट रु. ८५४१७९३/ इन्धन मा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च रउपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । विभिन्न सडकको ट्र्याक खुलाउन पालिकाको स्काभेटर प्रयोग वापत इन्धन खर्च गरेकोमा लगबुक अध्यावधिक छैन। इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, ईन्धन खर्च र सवारीको प्रयोग (किलोमिटर) बिष्लेशण सहित लग बुक अध्यावधिक गरि इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **कार्यविधिको पालना स्थिति** | |
| ३८.१ | | | **सुरक्षित नागरीक आवास** वित्तिय हस्तान्तरण अन्तर्गत पालिकाले संचालन गरीएका योजनाहरुमा खर्च गर्दा स्वीकृत प्रकृया अनुसारका कार्यपुरा गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०७७।७८ मा फुसको छाना सट्टा जस्तापाता लगाउने कार्यको सम्झौता गरी ११६ जना लाभग्राही लाई प्रति घर रु. ५००००।- मध्ये रु.३००००।- भुक्तानी गरेकोमा यो वर्ष दोश्रो किस्ता वापत १०६ जनाले मात्र कार्य सम्पन्न गरी वाँकी रकम भुक्तानी नगरेकोले वाँकी १० जना लाभग्राहीले लिएको रु.३०००००।-वाट सम्झौता अनुसारको जस्तापाता लागउने कार्य पुरा नगरेमा उक्त रकम फिर्ता लिई संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.३,००,०००।-<br>**भवन निर्माण स्थिती** :-संघिय शर्शत अनुदान र पालिका पुँजिगत वाट संचालन हुने योजना कार्यक्रम मध्ये विभिन्न संघ संस्थाहरुको भवन निर्माण सम्बन्धि कामको समेत भुक्तानी गरेकोमा भवन निर्माण गर्ने जग्गाको स्वामित्व, घर निर्माण नक्सा स्वीकृती तथा संस्था दर्ता र नविकरण समेतको यो प्रमाण समावेश गरेको पाइएन । यो वर्ष किरात राई सांस्कृतिक संग्राहलय पुर्वाधार निर्माणमा रु.१०,००,०००।- खर्च गरेकोमा संग्राहलयको डिजायन तथा संग्राहलय निर्माण स्थल संस्थाको स्वामित्व रहेको प्रमाण पेश हुनुपर्ने रु.१०,००,०००।- साथै लेप्चा तामाङ सेवा समाज भवनको समेत डिजायन र स्वामित्व प्रमाण नरहेको रु.६१३०००।- समेत भुक्तानी गरेको जग्गा स्वामित्व प्रमाण पेश हुनुपर्ने रु. १६१३०००।- | १,९१३,००० |
| ३८.२ | | | सहकारी संस्थाका सहायकहरुलाई लेखा व्यवस्थापन तालिम संचालन गरी रिता ढुंगानालाई रकम भुक्तानी गरेकोमा प्रशिक्षक कुवेर निरौला संग प्रशिक्षण संचालन सम्झौता (रकम सहितको) र आवतजावतको सक्कल टिकट वेगर १६ दिनको भत्ता र कार्यपत्र संम्लग्न नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु.५६०००।-<br>एकल महिला हिंसा नियन्त्रण सम्वन्धी २०७८।११।५ मा तालिम संचालन गरी उपप्रमुख कल्पना राई लाई सहजीकरण वापत उल्लेख गरी रु.२२०००।-तथा कार्यपत्र वापत रु.११०००।-समेत खर्च गरेको छ । तालिम कार्यक्रम संचालनको लागत अनुमान स्वीकृत नभएकोमा सहजीकरण शिर्षकमा रकम खर्च गरेको पाइयो । कार्यपत्र वापतको रकम भुक्तानी गर्दा कार्यपत्र प्रस्तोताको नाम वेगर फोटोकपी कार्यपत्रको भुक्तानी गरेको रु.११०००।—<br>लक्षीत वर्गको कार्यक्रमवाट एकल महिला सम्वन्धी अन्तकृया संचालन गरी रु.१९२०००।—खर्च गरेकोमा प्रशिक्षक कल्पना राईलाई कार्यपत्र वापत रु.११०००।-भुक्तानी गरेकोमा कार्यपत्रको प्रस्तोताका नाम वेगर फोटोकपि कार्यपत्र समावेश गरी भुक्तानी गरेको रु.११०००।— | ७८,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८.३ | | | **विशेष अनुदानतर्फ :** वित्तिय हस्तान्तरण मार्फत प्राप्त रकम खर्च गर्दा तोकिएको योजना तथा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकालाई संघिय सरकारवाट विशेष अनुदानमा सवारी साधन खरिद तथा फोहर मैला व्यवस्थापन केन्द्रको लागि रु.६२,००,०००।- प्राप्त भएको छ । फोहोर मैला व्यवस्थापन ऐन २०६८ को दफा ११ मा स्थानीय तहले फोहोरमैला लाई व्यवस्थित गर्न स्थानान्तरण केन्द्र तोक्न सक्ने र दफा १२ मा फोहोरमैला व्यवस्थापन स्थल समेत व्यवस्था गर्नुपर्ने गरी तोकिएको छ ।नगरपालिकाले यो वर्ष सम्म फोहोर मैला व्यवस्थापन स्थानान्तरण केन्द्र तथा ल्याण्डफिल निर्माण समेतको कार्य गराउन योजना स्वीकृत गरेको पाइएन । वातावरणिय प्रभावको अध्ययन तयार र स्वीकृती नभएकोमा यो वर्षको रकम वाट स्रोत केन्द्र व्यवस्थापन कार्य गर्ने कामको लागि रु.२२२१२६४।- को लागत अनुमान तयार गरी उक्त कार्य उपभोक्ता समितिवाट गराउने कार्यपालिकाको मिति २०७८।११।१० को निर्णयवाट श्रोत केन्द्रमा आउने सोलु खोलामा रहेको पुल स्तरोन्नती गर्ने कार्यमा रकम खर्च गर्ने निर्णय गरी साविकमा रहेको पुलको RCC तथा ग्याबियन हटाउने कार्य र अन्य निर्माण कार्यको आइटम समावेश गरी रु.२१,०५,१०६।- को विल पेश भएको आधारमा रकम खर्च गरेको पाइयो । ल्याड फिल्ड साइट र स्थानान्तरण केन्द्र निर्माण सम्वन्धी कार्य ठेक्का पट्टाबाट नगरी उपभोक्ता समिति मार्फत गराई साविकमा वनेको खोलाको पूल र ग्याविन वाल हटाउने काममा खर्च गर्नु उपयुर्क्त देखिएन रु.२१,०५,१०६ ।<br>**योजना वेगर थप खर्च :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक वाहिर गई वजेट खर्च गर्न नपाउने व्यवस्था छ ।पालिकालाई विशेष अनुदानवाट फोहोर मैला केन्द्र व्यवस्थापन र सवारी साधन खरिदको लागि प्राप्त रकम मध्येवाट निर्माण कार्य गराई रु.४२,००,०००।- मात्र रकम वचत रहेकोमा नगरपालिकावाट पारित २०७८।७९ को वजेट तथा कार्यक्रमा फोहोर संकलन गर्ने टिपर खरिद सम्वन्धी कार्यक्रम र योजना नरहेकोमा रकमान्तर वेगर रु.४५,३०,०००।- मा टिपर खरिद गरी भुक्तानी गरेको अनियमित देखिएको रु.३,३०,०००।- | २,४३५,१०६ |
| ३८.४ | | | **कार्यविधि पालना :-** वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त कार्यक्रमको रकम खर्च गर्दा स्वीकृत कार्यविधि अनुसार मात्र गर्नुपर्ने व्यवस्था छ । पशुपंक्षी तथा मत्स्य प्रर्वद्धन कार्यक्रम संचालन कार्यविधि २०७८ को परिच्छेद २ मा स्थानीय तहले यस कार्यक्रममा प्राप्त रकम खर्च गर्दा पालना गर्ने अनिवार्य शर्तहरु तोकिएको छ । पालिकालाई प्राप्त चौरी प्रर्वद्धन कार्यक्रमको रकमवाट ४ वटा चौरी पालन समुहलाई रु.२० लाख प्रस्तावमा आधारित कार्कक्रम स्वीकृत गरी खर्च गरेको पाइयो । कार्यविधिको अनुसूची ५ मा कार्यक्रमसंचालन गर्ने समुहले कार्यक्रम संचालनको लागि खरिद गरिएका विल भर्पाई- कार्य सम्पन्न प्रतिवेदन र अन्य कागजात सहित भुक्तानीको लागि पेश गर्नुपर्ने र उक्त प्रमाण कागजात पेश भएपछि स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरेको रकम भुक्तानी गर्ने | ४४०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । चौरी प्रर्वद्धन कार्यक्रमवाट निजि फर्म सँग सहभागिता गरी कार्यक्रम संचालन गरेको मध्ये सगरमाथा चौरी पालन समुहसँग २०७८।१२।२ मा कार्यक्रम संचालन संझौता भएकोमा सो समुहले छनौट भई सम्झौता गर्नु अगावैको अवधिका खरिदको विल समावेश गरी रु.२८०,०००।— भुक्तानी गरेको पाइयो । कार्यक्रममा छनौट हुनु अघि खरिद गरिएका विलको रकम समावेश गरी भुक्तानी गरेको अनियमित देखिएको रु.२८०,०००।—<br>११४।२०७९।१।८ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा २० हजार भन्दा वढीको मुल्यको मु.अ.कर लाग्ने मालसामान खरिद गर्दा मु.अ.कर. विजक लिनुपर्ने व्यवस्था छ ।कृत्रिम गर्भाधान मिशन कार्यक्रमवाट कार्यालयले गाईमा कृत्रिम गर्भाधान कार्य गर्न अर्जुनधारा भेट्स फर्मावाट कन्टेनर सहित नाइट्रोजन समेत खरिद गरी कन्टेनर र रेफ्रिजेनेटर (२ लि) समेत खरिद गरी रु.१६०,०००।— भुक्तानी गरेकोमा उक्त फर्मा लाई मु.अ.कर विजक वेगर मै रकम भुक्तानी गरेको पाइयो । कन्टेनर र रेफ्रिजेनेटर खरिद कार्य कर विजक वेगर खरिद गरेको अनियमित रु.१६०,०००।— | |
| ३९ | | | **खर्चको आधार तथा कार्य सम्पन्न** | |
| ३९.१ | | | **विद्यालय दिवा खाजा :** वित्तिय हस्तान्तरण अन्तर्गतको रकम प्राप्त गरी खर्च गर्दा स्वीकृत कार्यविधि अनुसार गर्नुपर्ने व्यवस्था छ । शिक्षा शर्शत तर्फ दिवा खाजा कार्यक्रमको रकम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ वमोजिम विद्यालय खुलेको अवधिमा १८० दिन सम्म तोकिए वमोजिम खाजा कार्यक्रम संचालन गरी रकम खर्चको प्रमाण समेत पेश गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयले भौ.नं. २३६।२०७९।३।२४ बाट ४ महिनाको रकम उल्लेख गरी २०७८ चैत्र देखी २०७९ आषाढ सम्मको ६१ विद्यालयको नाममा रु.२६,७४,१७०।— निकासा गरेकोमा सो खर्चको प्रमाण अधिकांश विद्यालयहरुले विद्यार्थिको हाजिरी समावेश गरेको पाइयो ।सैक्षिक सत्र पुरा भई नयाँ शैक्षिक सत्र सुरु भए पश्चात २०७८ चैत्र देखिको रकम पछिल्लो अवधिमा निकासा गर्नुअघि विद्यालयहरुले दिवा खाजाको लागि खर्च गरिएको रकम स्रोत नखुलाएको विल भर्पाई वा प्रमाण समावेश नभएकोले विध्यार्थी संख्याको, उपस्थिती दिन, को आधारमा मात्र खाजा कार्यक्रममा खर्च भै सकेको मान्ने आधार देखिएन । खर्च गरेको प्रमाण समावेश नगरी पछिल्लो अवधिमा अघिल्लो अवधिको समेत रकम भुक्तानी गरेको छ । निकासा भएको सवै रकम तोकिएको अवधिभित्र खाजा कार्यक्रममा मात्र (२०७९।३।२४ पछि) खर्च भए नभएको पुन यकिन गरी प्रमाण पेश हुनुपर्ने रु. | २,६७४,१७० |
| ३९.२ | | | **कार्य सम्पन्न प्रमाण :**वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकम स्वीकृत कार्यविधिको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७६।७७ मा नमूना विद्यालयको रुपमा छनौट भएको जनजागृती माध्यमिक विद्यालयलाई २०७९।१।१९ मा ठेक्कापट्टा वाट भवन | ८,२३१,७६७.४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माणको कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरी रु.८२,३१,७६७।४६ विद्यालय खातामा निकासा गरेको छ । विद्यालयमा निकासा गरी पालिकाले फुकुवा नगरे सम्मको लागि ०७९।३।२७ मा विद्यालयको बैंक खाता रोक्का गरेको पाइयो ।उक्त रकमवाट सम्झौता वमोजिमको विद्यालय भवन निर्माण कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु. | |
| ४० | | | **अनुदान खर्च विश्लेषण** | |
| ४०.१ | | | **अनुदानको निकासा :** प्रदेश तथा स्थानीय तहमा शर्शत हस्तान्तरणभएका कृषि विकासा कार्यक्रम संचालन सम्वन्धि कार्यविधि २०७८ मा अनुदान पाउने संस्था सम्वन्धित कार्य गर्ने उद्देश्यले दर्ता भएको फर्मलाई मात्र छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । भौ.नं. १५३।०७९।०३।०७ मा ओखर खेतीको अनुदान प्रदान गर्न छनौट भएको निमा वहुउद्देश्य कृषि फार्म घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको र व्यवसायको उद्देश्य वाखापालन कार्य गर्ने गरी दर्ता रहेको फर्मलाई ओखरखेतीको लागी छनौट गरी रु.२७५०००।– अनुदान भुक्तानी गरेको कार्य नियमित नरहेको रु. | २७५,००० |
| ४०.२ | | | **आलु पकेट विकास कार्यक्रम :** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअललागत सहभागितामा कार्यक्रम संचालन गर्दा छनौट भएका संस्थाले पेश गरेको प्रस्तावमा उल्लेखित आचारसंहिता तोकिए वमोजिम संस्था र कार्यालय दिंदा रकम वाडफाड गरी स्वीकृत प्रस्तावका आधारमा मात्र अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । निम्नानुसारका कृषक समुहरुले आलु पकेट अन्तर्गत विउ खरिद कार्य समुहका सदस्यवाट खरिद गरी रकम माग गरेको र पुन विउ विक्रि गर्ने सदस्यहरुलाई नै उक्त आलुको विउ उपलब्ध गराएको तथा संस्थाका अध्यक्षहरुले सदस्यवाट विउ खरिद गरी रकम माग गरेकोमा पुन विक्रेतालाई नै आलु विउ उपलब्ध गराएकोले दोहोरो अनुदान खर्च गरेको असुल हुनुपर्ने रु.७०५६०।– | ७०,५६० |

| समुहको नाम | आलु विउ खरिद रकम | विक्रेता कृषकलाई वितरण गरेको रकम |
|---|---|---|
| धारापानी वहुउद्देश्य कृषि समुह | ६८०३०।- | समुहका सदस्य विरकाजी तामाङलाई नै रु.३४०१५।– को विउ उपलब्ध गराएको । |
| सरस्वती सामुदायिक कृषक समुह | ४११६५।- | समुह सदस्य रिन्जी शेर्पा लाहकसा शेर्पा बाट खरिद गरी सोही सदस्यलाई निशुल्क लाई २२० के.जी – को विउ दिएको ११०००।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वौधल् कृषक समुह गारेटखानी</td><td></td><td>अध्यक्षले आलु खरिद गरी विक्रेता सदस्य मिङ्मार तामाङ् पसी तामाङ, यान्जी तामाङलाई नै वितरण गरेको रु.२२00।-</td></tr>
<tr><td>हिउदे फलफुल कृषि समुह</td><td></td><td>गेलु शेर्पावाट खरिद गरी विक्रेतालाई नै ९२.५ केजी आलु विउ उपलब्ध गराएको रु.४६२५।-</td></tr>
<tr><td>डाफे मिश्रीत कृषक समुह</td><td></td><td>पेम्वा गोले शेर्पावाट रु.५००००।— मा खरिद गरी विक्रेता कृषकलाई नै ६६.५२ केजी को रु.३३२०।— असुल गर्नुपर्ने ।</td></tr>
<tr><td>छेवार कृषक समुह</td><td></td><td>फाण्डी शेर्पा, छाकेन शेरपा र छोङ कोसान शेर्पा बाट खरिद गरेको आलुको विउ विक्रेता किसानलाई नै निशुल्क वितरण गरी दोहोरो खर्च रु.१४२५०।-</td></tr>
<tr><td>फ्याफूल्ला कृषि समुह</td><td></td><td>डिमा तामाङ र फुर्वा तामाङवाट खरिद आलु विउ विक्रेतालाई नै विरतण गरेको रु.११५०।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०.३</td><td></td><td></td><td>तालिम संचालन खर्च :- लघु उद्यम विकास निर्देशिका २०७७ को दफा २(न) मा लघु उद्यमको व्याख्या गरी निर्देशिकाको परिच्छेद २ मा कार्यक्रम संचालन र लक्षीत समुह तोकिएको छ । पालिकाले उद्यम विकास सहजकर्ता भविसरा वुढालाई पेश्की दिई रु.१०६३२३५।— खर्च गरेकोमा पेश्की फर्छ्यौट विवरण अनुसार निम्नानुसार देखिएको छ ।<br>वाखापालन तालिम संचालन गर्न नियूक्त गरिएका प्रशिक्षक प्रेम व लामिछाने कार्यरत कर्मचारी रहेको र पालिकामा विदा नै नलिई तालिम प्रशिक्षकमा छुट्टै नियुक्ती गरी रु.१४७००।- पारिश्रमिक भुक्तानी गरेकोले दोहोरो भुक्तानी रकम रु.१२४९५।— (कर कट्टी पछिको) असुल हुनुपर्ने रु.१२४९५ ।-<br>(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.१५०००।-सम्परीक्षण गरिएको ।)</td><td>१२,४९५</td></tr>
<tr><td>४०.४</td><td></td><td></td><td>दुधकुण्ड नाक चौरीपालन समुहले रु.१८००.०००।- परियोजना प्रस्ताव पेश गरी स्वीकृत गरेको आधारमा २२ वटा किन्जो जातको चौरी खरिद गरी प्रति चौरी रु.८०,०००।- का दरले लागत सहभागिता स्वीकृत गरेको पाइयो । कार्यविधि २०७८ को अनुसंची ६ मा पशुपंक्षि नश्ल सुधार कार्यक्रमवाट उन्नत पशु खरिदको कार्यमा सहभागिता रकम भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । उक्त समुहले रातनाङ्गे चौरी फर्मवाट २२ वटा चौरी खरिदको विल समावेश गरेको आधारमा रकम भुक्तानी गरेकोमा उक्त फर्म उन्नत चौरीको श्रोत</td><td>८८०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | केन्द्र रहेको पाइएन । साथै खरिद अघि चौरीको दररेट निर्धारण गरी स्वीकृती नभएको, खरिद गरिएका चौरीको स्वास्थय जाँच प्रमाण, तथा कार्यालयका प्राविधिहरुले चौरी पालन गर्ने समुहको स्थलगत प्राविधिक प्रतिवेदन वेगर, रकम भुक्तानी गरेको र चौरीपालन समुह छुट्टै संस्थाको रुपमा करमा दर्ता भएको प्रमाण समेत समावेश नभएको, कार्यक्रम संचालन कार्यविधिको अनूसूची ५(१०) वमोजिम त्रैमासिक रुपमा कामको प्रगति र उपलब्धी एव कारोवार विवरण पालिकाको पशुसेवा शाखामा तथा परिच्छेद २ अनिवार्य शर्त अन्तर्गत सि.नं. ५ वमोजिम आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र पशुसेवा विभाग र मन्त्रालयमा अनिवार्य रुपमा पठाउनुपर्ने विवरण समेत तयार गरी पठाएको पाइएन कार्यक्रम संचालन गर्दा स्वीकृत कार्यविधि पुरा गरेर मात्र गर्नुपर्नेमा तोकिए वमोजिमको स्थलगत प्रतिवेदन चौरीको नश्लजात खुल्ने प्रमाण पेश हुनुपर्ने रु.<br>**पकेट विकास कार्यक्रम :** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलको ४.१.९ पकेट विकास कार्यक्रम संचालन प्रकृयामा स्थानीय तहले कानून वमोजिम दर्ता भएका कृषि फर्म वा कम्पनीहरुवाट प्रस्ताव माग गरी छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले वाख्रा पकेट कार्यक्रमको निरन्तरता सम्वन्धी कार्यक्रम संचालन गरी ७००,०००।- अनुदान रकम भुक्तानी गरेको मा भुक्तानी गरिएका ५ वटै वाख्रा पालन समुहहरु स्थायी लेखा नम्वर लिई आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पाइएन ।स्वीकृत कार्यविधि पुरा गरेर मात्र कार्यक्रमको रकम खर्च गर्नुपर्दछ । | |
| ४१ | | | **स्वास्थ्य कार्यक्रम तर्फ** | |
| ४१.१ | | | **स्वास्थ्य संस्थाको खातामा रकम :-** स्थानिय तहको गठन पश्चात सम्वन्धित स्थानीय तह अन्तर्गत स्वास्थ्य संस्थाहरु स्वतः पालिका मातहत रहेको इकाई हुने व्यवस्था छ ।पालिकाले सुत्केरी भेट कोशेली कार्यक्रम वपतको रकम ९ वटै वडामा स्वास्थ्य संस्थाको खातामा जम्मा गरेको रु.१४९९८७।— आधारमा खर्च जनाएकोमा उक्त रकम वाट भएको खर्च विवरण पेश नभएको रु. | १४९,९८७ |
| ४१.२ | | | **महिला स्वास्थ्य स्वंय सेविका खर्च :-** वित्तिय हस्तान्तरण मार्फत प्राप्त रकम खर्च गर्दा स्वीकृत कार्यविधि अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त स्वास्थ्य शर्शत तर्फको महिला स्वास्थ्य स्वंय सेविकाको यातायात खर्च वापतको रकम स्वास्थ्य संयोजक लाई रु.१९०९०००।- पेश्की दिई भर्पाइको आधारमा खर्च गर्ने गरेको पाइयो । स्वास्थ्य स्वंय सेविकाको नाममा खोलिएको वैंक खाता मार्फत निकासा दिई कार्यालयले कामको अनुगमन गर्नुपर्नेमा पेश्की लिई पुन सम्वन्धितलाई भर्पाइ वाट वुझाउने कार्यमा सुधार गरी स्वंयसेविका कार्यरत रहे नरहेको यकिन गरी वैंक खाता मार्फत रकम भुक्तानी गर्नुपर्दछ ।<br>**स्वास्थ्य सामाग्री वितरण अवस्था :-**पालिकालाई प्राप्त स्वास्थ्य सम्वन्धी सामाग्रीहरु तोकिएको अवधि भित्र सम्वन्धित कामको लागि | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाको लागि २०७८।७९ भित्र वितरण गर्ने गरी सुपर सिरियल पौष्टीक पिठो ११वटा स्वास्थ्य चौकी मार्फत वितरण गरिने गरी कार्यक्रम रहेकोमा प्रदेश सरकारवाट खरिद गरी पठाइएको उक्त पिठो २०७९।३।२४ मा ३० के.जि. दरका ११९० वोरा प्राप्त भएकोमा पालिकाले टाक्सीद्र स्वास्थ्य चौकी वाहेकका चौकीमा वितरण गर्न पठाएको भएता पनि २९० वोरा पिठो हालसम्म मौज्दात रहेको र उपयोग अवधी २०७९ चेत्र सम्म रहेकोले तोकिए वमोजिम वितरण गरी उपयोग गर्नुपर्दछ ।<br>***(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०७९।१२।१६ को निर्णयबाट रु.६४७५।-सम्परीक्षण गरिएको ।)*** | |
| ४२ | | | **रोजगार कार्य अवस्था**<br>**प्रधानमन्त्री रोजगार कार्यक्रम :-** पालिकाका ११ वडा मध्ये वडा नं. १ र ८ मा वाहेक १० वडामा ६२६ जना वेरोजगार दर्ता भएको मध्ये १४७ जनाले मात्र रोजगार कार्यक्रममा स्वीकृत योजना कार्य गरी एक भन्दा बढी योजनाका कार्य गराएको आधारमा रकम भुक्तानी गरेको पाइयो । पालिकाले ७ वटा वडाका १५ योजना स्वीकृत गरी कार्य गराएको छ । वडा नं. २ र ५ मा कुनै योजना संचालन नभएकोले रोजगार केन्द्रमा दर्ता भएका वेरोजगारहरु मध्ये योजना संचालन नभएका वडाका वेरोजगारहरुलाई अन्य वडाका योजनामा कामको रकम भुक्तानी गरेको भएता पनि रोजगार केन्द्रमा दर्ता भएका वेरोजगारले १०० दिन रोजगार प्रदान गरेको अवस्था देखिएन। | |
| ४३ | | | **गत आ व को भुक्तानी**<br>५।२०७८।५।१३ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(६) मा चालु आ.व.मा दायित्व सिर्जना भई भुक्तानी दिन नसक्ने अवस्थामा महालेखापरीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी तयार गरी प्रदेश लेखा ईकाईबाट प्रमाणित गराएरमात्र आगामी वर्ष भुक्तानी दिन पाउने व्यवस्था रहेको छ। पालिकाले पदाधिकारीहरुको गत आ व को बैसाख देखि असार सम्मको सुविधा रु २१५७००० भुक्तानी गरेकोमा भुक्तानी वाकी को विवरण तयार नगरी भुकतानी गरको नियमित नदेखिएको रु. | २,१५७,००० |
| ४४ | | | **अनुगमन प्रतिवेदन**<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा नगरपालिका प्रमुखले रु. ११०००/-, उपप्रमुखले रु. ११०००/-, वडाध्यक्षले रु. ४५००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि मासिक रुपमा अनुगमन भत्ता बुझिलिएको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पाइयो। अनूगमन प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आर्थिक वर्षको अन्त सम्म फस्र्यौट हुन बाँकी पेश्की तोकिएको कार्य पूरा गराई असुल फस्र्यौट र नियमित हुनु पर्ने रु.
<table>
<tr><th>पेश्कीलिनेव्यक्ति, फर्मवाकम्पनीकोनाम</th><th>म्यादननाघेको</th><th>म्यादनाघेको</th></tr>
<tr><td>निर्माणव्यवसायी पेश्की</td><td></td><td></td></tr>
<tr><td>ज्वालामाइ कन्स्ट्रक्सन</td><td></td><td>८८००००</td></tr>
<tr><td>इन्जिनियरीङकन्स्ट्रक्सन</td><td></td><td>४०३६५०</td></tr>
<tr><td>कुँवर डेभलपर्स एण्ड विल्डर्स प्रा.लि</td><td></td><td>२९०००००</td></tr>
<tr><td>जम्मा पेश्की</td><td></td><td>४१८३६५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फस्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फस्र्यौट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजुदफानं.</th><th rowspan="2">वेरुजु रफछ्रैटकोसंक्षिप्तव्यहोरा</th><th colspan="4">फछ्र्यौटकोआधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td></td><td>२०७६।७७</td><td>६३</td><td>मुना खत्री</td><td></td><td></td><td></td><td>३५००००</td><td>३५००००</td></tr>
<tr><td></td><td>२०७६।७७</td><td>३८</td><td>अन्तरपाटी महिना संजाल</td><td>१०८८२०</td><td></td><td></td><td></td><td>१०८८२०</td></tr>
<tr><td></td><td>२०७६।७७</td><td>१४</td><td>गान्धीमाया तामाङ</td><td>१७५२०</td><td></td><td></td><td></td><td>१७५२०</td></tr>
<tr><td></td><td>२०७६।७७</td><td>१४</td><td>वैस वि.क</td><td>९५७०</td><td></td><td></td><td></td><td>९५७०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६।७७ | १४ | ग्यालजेन शेर्पा | ९५७० | | | | ९५७० |
| | २०७६।७७ | १४ | भिम कुमारी बस्नेत | ९५७० | | | | ९५७० |
| | २०७६।७७ | १४ | सारदा माया तामाङ | १०२०० | | | | १०२०० |
| | २०७६।७७ | १४ | परी घिमीरे | १०२०० | | | | १०२०० |
| | २०७६।७७ | १४ | जाङ्बु लामा | ९००० | | | | ९००० |
| | २०७६।७७ | १४ | राम बहादुर बि.क | ६६०० | | | | ६६०० |
| | २०७६।७७ | १४ | दाबा गेलु पाखिन | १२६०० | | | | १२६०० |
| | २०७६।७७ | १४ | डिमा तामाङ | १०५०० | | | | १०५०० |
| | २०७६।७७ | ६३ | फुरी काजी शेर्पा | ५००० | | | | ५००० |
| | | | **जम्मा** | | | | | **२५४१५०** |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरि स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले प्रतिक्रियासाथ अभिलेख पेश गरेको देखिएन । पालिकाले लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखि अद्यावधिक विवरण पेश नभएको अवस्थामा लाभग्राहीलाई दोहोरो भुक्तानी भए नभएको सम्बन्धमा थप यकिन गर्न सकिएन ।<br><br>**लगत कट्टा गर्नेः** कार्यविधिको दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । साथै सामाजिक सुरक्षा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने उल्लेख छ । प्रतिक्रियाको साथ लगत कट्टाको विवरण पेश नभएकोले लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छ/छैन भनि | 0.00 |

| क.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | यकिन गर्न सकिएन । | |